"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : ०८१/०८२
चलानी नं. : ३२०

मिति २०८१/११/०४

श्री ०६ नम्बर वडा कार्यालय,
नमोबुद्ध नगरपालिका, काभ्रेपलाञ्चोक।

सादर अवगतार्थः
श्रीमान् नगर प्रमुखज्यू, काभ्रेपलाञ्चोक, नमोबुद्ध नगरपालिका।
श्रीमान् नगर उप-प्रमुखज्यू, काभ्रेपलाञ्चोक, नमोबुद्ध नगरपालिका।

विषयः जानकारी गराउने सम्बन्धमा।


नमोबुद्ध नगरपालिका भएर बग्ने रोशी खोला अन्तर्गत चौकीडाँडा पहिरो (राजमार्ग छिनेको ठाउँ) देखि पोटा खोला दोभान खण्ड र पोटा खोला दोभान देखि शनि खोला दोभान खण्डको बगरबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) दिगो र वातावरणमैत्री रुपले उत्खन्न तथा संकलन कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण (आई.ई.ई.) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रममा यसै साथ संलग्न सूचना बमोजिम सम्बन्धित स्थानका जनप्रतिनिधिज्यूहरु, नागरिकहरु, बुद्धिजीवी, राजनीति दलका प्रतिनिधिज्यूहरु लगायतका सरोकारवालाहरुको उपस्थितिका लागि आवश्यक सहजीकरण गरिदिनुहुन आदेशानुसार अनुरोध छ।

...................................
(कृष्ण गिरी)
प्रमुख प्रशासकीय अधिकृत

# स्वस्थानी व्रत कथा समापन

माघ शुक्ल पूर्णिमाका दिन एक महिना लामो स्वस्थानी व्रत कथा समापन भएको छ । पौष शुक्ल पूर्णिमादेखि वैदिक सनातन हिन्दू धर्मावलम्बीले घर घरमा सुरु गरेको एक महिने स्वस्थानी व्रत विधिपूर्वक समापन भएको हो ।

पौष शुक्ल पूर्णिमादेखि विधिपूर्वक स्वस्थानीको व्रत सुरु गरी नित्य मध्याह्नकालमा पार्वतीसहित महादेवको पूजा गरेका देशभरका भक्तजनले बुधबार व्रत समापन गरिएको छ । त्यसैदिनदेखि सुरु गरिएको स्कन्द पुराण अन्तर्गतको केदार खण्डको माघ माहात्म्यमा कुमार र अगस्त्यबीच भएको संवादलाई स्वस्थानी कथाका रुपमा भन्ने र सुन्ने काम पनि अन्त्य गरिएको छ ।



विधिपूर्वक एक महिने व्रत गरेका वर्तालुले माघ शुक्ल पूर्णिमाका दिन १०८ जनै, १०८ सुपारी, १०८ पान, १०८ फूल, १०८ रोटी, १०८ अक्षता विभिन्न थरीका फलफूल, धूप, बत्ती, नैवेद्य, श्रीखण्ड, रक्तचन्दन, सिन्दूर, वस्त्र, भेटी चढाई व्रतको कामना पूर्ण होस् भनी भगवतीलाई अर्घ्य दिइन्छ । चढाइएका प्रसादमध्ये सबैबाट आठ–आठ पतिलाई, पति नभए छोरालाई र छोरा पनि नभए मीत छोरालाई एवं मीत छोरा पनि नभएमा कामना सिद्ध होस् भनी नजिकको पवित्र नदीमा लगी बहाउने व्रत विधि छ ।

सय रोटी वर्तालुले फलाहार गरी रातमा जाग्राम बसिन्छ । जाग्रामका समयमा देवीको माहात्म्य सुन्ने सुनाउने गरिन्छ । यसो गरेमा वर्तालुको मनोकांक्षा पूरा हुन्छ भन्ने धार्मिक विश्वास छ । स्वस्थानीको शाब्दिक अर्थ आफू बसेको स्थानको देवी भन्ने बुझिन्छ । आफू बसेकी स्थानकी देवीको पूजा गर्नु नै स्वस्थानी पूजा हो । उत्तरायणपछिको समय ध्यान, योग साधनाका लागि उपयुक्त भएकाले स्वस्थान अर्थात् आफ्नो आत्मामा सम्पर्कको अभ्यास गर्नुलाई स्वस्थानी भनिएको विश्वास पनि छ । यसका लागि पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्मको समय राम्रो मानिन्छ ।

सुवर्ण वर्णकी, त्रिनेत्रधारी, प्रसन्न मुद्रा भएकी, कमल र सिंहासनमा बसेकी, चार हात भएकी देवीलाई स्वस्थानी देवी भनिन्छ । स्वस्थानीको चार हातमध्ये पहिलो हातमा नीलकमल, दोस्रो हातमा खड्ग, तेस्रो हातमा ढाल र चौथो हातमा वरदमुद्रा लिएकी देवी स्वस्थानी हुन् भनी व्रतकथामा उल्लेख गरिएको छ ।

यस्ती देवीको विधिपूर्वक व्रत गरेमा बिछोड भएका जोडीको पुनःमिलन हुन्छ भन्ने विश्वास छ । रोग व्याध लागेको भए ठीक हुने र पति वा पत्नीका रुपमा कसैलाई इच्छाएको भए प्राप्त हुने कथा समेत प्रचलित छ । सत्य युगमा हिमालय पर्वतकी पुत्री पार्वतीले महादेवलाई पति पाऊँ भनी विष्णुको निर्देशानुसार स्वस्थानीको व्रत गरेको कथा स्वस्थानीमा वर्णन गरिएको छ । व्रतपछि बिछोडमा परेका नाग नागिनीको पुनःमिलन भएको कथामा उल्लेख छ ।

गोमा ब्राह्मणीले सप्तऋषिले सिकाएका व्रतविधिअनुसार गर्दा पुत्र वियोगबाट मुक्ति मिलेको र व्रतकै प्रभावले छोरा नवराज लावण्य देश हालको साँखु क्षेत्रको राजा भएको कथा समेत स्वस्थानीमा वर्णन गरिएको साँखुको ऐतिहासिक, धार्मिक, पुरातात्विक, सांस्कृतिक र पर्यटकीय विषयमा अनुसन्धानरत इतिहासकार प्रकाश श्रेष्ठ 'सक्व' ले जानकारी दिनुभयो ।

मध्याह्न कालपछि विधिपूर्वक पूजा लगाई व्रत समापन गरी रात्रिमा जागराम बसी बिहीबार बिहान फूलपाती नदीमा सेलाएपछि यो वर्षको स्वस्थानी व्रत समापन हुने विधि रहेको नेपाल संस्कृत विश्वविद्यालय वाल्मीकि विद्यापीठ धर्मशास्त्र विभागका प्रमुख एवं नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका सदस्य प्रा डा देवमणि भट्टराईले बताउनुभयो ।

उपत्यकाको पूर्वी भेगस्थित शालिनदीमा पौष शुक्ल पूर्णिमादेखि सुरु भएको माधवनारायण व्रत पनि आज अश्वमेध यज्ञ गरी समापन गरिने भएको छ । यहाँ करिब दुई सय महिला पुरुषले एक महिना लामो माधवनारायणको कठोर व्रत गरेका छन् । स्वस्थानी समापनको दिनलाई नेवार समुदायले भने सि पुन्हिका रुपमा मनाउँछन् ।

# के कुष्ठरोग सर्ने रोग हो ?

**– डा. विना भण्डारी**

'शून्य कुष्ठरोगतर्फ' भन्ने नाराका साथ विश्व कुष्ठरोग दिवस मनाइएको छ । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)का अनुसार सन् १९८० को दशकमा विश्वभर ५० लाख कुष्ठरोगी रहेकोमा सन् २०२५ सम्म आउँदा २ लाखमा झरिसकेको छ । यो झण्डै ५ दशकको अवधिमा कुष्ठरोगको अवस्थामा निकै सुधार भइसकेको छ । तर, यो रोग उन्मुलन भने हुन सकेको छैन ।

रोगका लागि सन् १९८० को दशकको सुरुमै डब्लुएचओले बहुऔषधि उपचार विधि ( मल्टीड्रग थेरापी–एमडीटी) सिफारिस गरेको थियो । यसले प्रभावकारितालाई ध्यानमा राख्दै सन् १९९१ को डब्लुएचओको साधारणसभाले सन् २००० सम्ममा विश्वभरबाटै जनस्वास्थ्य समस्याका रुपमा कुष्ठरोग निवारण गर्ने लक्ष्य राखेको थियो, जसअनुसार कुष्ठरोगका बिरामीको संख्या प्रति १० हजार जनसंख्यामा १ जनाभन्दा कममा झार्ने भनिएको थियो ।

तर, अझै विश्वका १ सय २० देशमा कुष्ठरोग रहेको देखिएको छ । त्यमध्येमा पनि ब्राजिल, भारत र इन्डोनेसियामा १० हजारभन्दा बढी कुष्ठरोगी देखिएका छन् । नेपालसहितका १३ देशमा १ हजारदेखि १० हजार कुष्ठरोगी रहेको डब्लुएचओको तथ्यांक छ । अन्य ९९ देशमा भने १ हजारभन्दा कम कुष्ठरोगी रहेका छन् ।

नेपालमा पनि सन् २०१० अर्थात् २०६६ माघ ५ गते कुष्ठरोग निवारण भएको घोषणा गरिएको थियो । उक्त समयमा प्रति १० हजार जनसंख्यामा ०.८९ जना अर्थात् १ जनाभन्दा कम कुष्ठरोगी रहेको अवस्था थियो भने १२ जिल्ला प्रभावित थिए । घोषणा भएका केही वर्ष कुष्ठरोगीको संख्या घटेको देखिएको थियो । तर, २०७३/७४ मा बढेर प्रति १० हजार जनामा ०.९२ कुष्ठरोगी देखिए । नेपालमा अब सन् २०३० सम्ममा कुष्ठरोगमुक्त अभियानको लक्ष्य राखिएको छ ।

**के हो कुष्ठरोग ?**

कुष्ठरोग माइकोब्याक्टेरियम 'लेप्रे' नामक ब्याक्टेरियाले गराउने रोग हो । यो रोगले छाला र स्नायूमा असर गर्छ भने कहिलेकाहिँ केन्द्रीय स्नायू प्रणालीमा पनि असर गर्छ । नाकबाट रगत आउने, नसा मोटो हुने, सेता तथा राता धब्बा देखिने, धब्बा लाटो हुने या छोएको थाहा नपाउने, मांसपेशी कमजोर हुने, आँखाको नानी संक्रमित हुने तथा आँखीभौं झर्नेजस्ता लक्षण देखिन्छन् । कुनै पनि व्यक्ति संक्रमित भएको ५ देखि ७ वर्षसम्ममा यो रोगका लक्षण देखिन्छन्, जसलाई 'इन्क्युबेसन पिरियड' भनिन्छ । रोग देखिएपछि भने तत्कालै उपचार सुरु गर्नुपर्छ ।

कुष्ठरोग हो कि होइन भन्ने पत्ता लगाउन क्लिनिकल परीक्षण (छालामा धब्बा छ कि छैन, छुँदा थाहा पाउने छ कि छैन आदि) गरिन्छ भने 'स्किन स्लिट स्मियर' (ब्याक्टेरिया छ कि छैन भनेर कल्चर गरेर हेर्ने) तथा छालाको बायोप्सीको विधि प्रयोग गरिन्छ ।



कुष्ठरोग दुई प्रकारका हुन्छन्, पसी ब्यासिलरी लेप्रोसी अर्थात् ब्याक्टेरिया कम भएको र मल्टी ब्यासिलरी अर्थात् बढी ब्याक्टेरिया भएको । पसी ब्यासिलरीमा एकदेखि ५ वटासम्म धब्बा हुन्छन्, जुन राता या सेता दुवै खालका हुन्छन् भने ५ भन्दा बढी धब्बा छन् भने मल्टी ब्यासिलरी भनिन्छ ।

**उपचार विधि**

'पसी ब्यासिलरी' तथा 'मल्टी ब्यासिलरी' दुवै खालका कुष्ठरोगका लागि 'मल्टी ड्रग थेरापी' विधि अपनाइन्छ । पसी ब्यासिलरीमा २ खालका औषधि ६ महिनाका लागि दिइन्छ । सञ्चो हुँदैछ, तर ब्याक्टेरिया अझै बाँकी भएको अवस्थामा एक वर्षका लागि पनि औषधि थप्न मिल्छ । यस्तै, मल्टी ब्यासिलरीका लागि ३ वटा औषधि एकदेखि २ वर्षसम्म खानुपर्छ ।

**कुष्ठरोग सर्ने रोग हो ?**

कुष्ठरोग कम सर्ने रोग हो । यो सामान्यतः बिरामीको नजिकै एकैछिन बस्दैमा, बिरामीलाई छुँदैमा या हात मिलाउँदैमा सर्ने रोग होइन । बिरामीसँग लामो र नियमित सम्पर्कमा आउने व्यक्तिहरुलाई श्वासप्रश्वासको माध्यमबाट सर्ने सम्भावना हुन्छ । यस्तै, कुष्ठरोगका रुपमा देखिएका धब्बाबाट मात्रै पनि यो सर्दैन । तर, यदि ती धब्बा या घाउले अल्सरको रुप लिएको छ भने त्यस्ता घाउको सम्पर्कमा आएका व्यक्तिमा सर्न सक्छ ।

**नेपालका किन बढिरहेका छन् कुष्ठरोगी ?**

नेपालमा निवारण घोषणा भएको डेढ दशक बितिसकेको छ तर, रोगका बिरामी भने बढ्दै गएका छन् ।

यसमा जनचेतना अभाव, सबै नागरिकमा खोपको पहुँच नहुनु तथा रोग देखिएकाहरुले पनि नियमित औषधि नखानु मुख्य कारण रहेको पाइन्छ । क्षयरोगबाट बचाउन बालबालिकालाई दिइने बीसीजी खोपले कुष्ठरोगका लागि पनि काम गर्छ (क्षयरोग माइकोब्याक्टेरियम ट्युबरकुलोसिस र कुष्ठरोग माइकोब्याक्टेरियम लेप्रे नामक ब्याक्टेरियाका कारण हुन्छ) । तर, कतिपय बालबालिकाहरुले यस्ता खोप पाइरहेका हुँदैनन् या समाजमा खोप लगाउनुपर्छ भन्ने चेतना पुगेको हुँदैन । यस्तो अवस्थामा ती बालबालिकामा पछि गएर कुष्ठरोग देखिने जोखिम हुन्छ । यस्तै, नियमित औषधि नखानेहरुबाट निरन्तर सम्पर्कमा आउनेहरुलाई पनि यो रोग सर्ने जोखिम रहन्छ ।

त्यसैले नियमित औषधि खाने हो भने यो रोगका बिरामी पहिलेजस्तै स्वस्थ भई नियमित काममा फर्कन सक्छन् । यसका अतिरिक्त यो रोग थप फैलन नदिन पूर्वसावधानी र जनचेतना आवश्यक छ ।

*(डा. भण्डारी नर्भिक इन्टरनेशनल अस्पतालका कन्सल्ट्यान्ट डर्माटोलोजिस्ट हुनुहुन्छ ।)*

# केयुको...

आवेदन दिएका स्वीकृत दरखास्तहरुमध्येबाट ऐ. दफा ८ को उपदफा (२) खण्ड (क), (ख), (ग), ( घ) (ङ), (च) र (छ) को आधारमा मूल्यांकन गरी संक्षिप्त सूचि प्रकाशन गरिएको हो ।

प्रा. डा. अच्युत वाग्ले, प्रा. डा. कन्हैया झा, प्रा. डा. जर्नादन लामिछाने, प्रा. डा. बाल चन्द्र लुइटेल, प्रा. डा. विभूति रज्जन झा। प्रा. डा. वेदमणी दाहाल, प्रा. डा. भोला थापा, प्रा. डा. राजेन्द्र प्रसाद कोजु, प्रा. डा. श्याम नारायण लाभ र प्रा. डा. सुबोध शर्मा १० जनामा परेका हुन् ।

उम्मेदवारहरूको सोचपत्र र रणनीतिक कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि मिति र समयमा तोकिएको छ । समितिको सचिवालय, सम सेण्टर ज्ञानेश्वर, काठमाडौमा दरखास्तसाथ पेश गरिएका प्रतिलिपीहरुको सक्कलै कागजातहरु लिई उपस्थित हुन सट लिस्टमा परेको उम्मेदवारहरुलाई आग्रह गरिएको छ ।

१ देखि ५ सम्मका उम्मेदवारहरुको २०८१ फागुन २ गते शुक्रबार विहान १० बजेदेखि र ६ देखि १० सम्मका उम्मेदवारहरुको २०८१ फागुन २ गते शुक्रवार दिउँसो २ बजेदेखि प्रस्तुतीकरणको समय तोकिएको छ । त्यस्तै १ देखि ५ सम्मका उम्मेदवारहरुको २०८१ फागुन ३ गते शनिवार विहान १० बजेदेखि र ६ देखि १० सम्मका उम्मेदवारहरुको २०८१ फागुण ३ गते नै दिउँसो २ बजेदेखि अन्तर्वार्ता हुनेछ ।


## नमोबुद्ध नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बागमती प्रदेश, भकुण्डेबेशी, काभ्रेपलाञ्चोक, नेपाल

काभ्रेपलाञ्चोक जिल्ला, नमोबुद्ध नगरपालिका भएर बग्ने रोशी खोला अन्तर्गत चौकीडाँडा पहिरो (राजमार्ग छिनेको ठाउँ) देखि पोटा खोला दोभान खण्डबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) दिगो र वातावरणमैत्री रुपले उत्खनन् तथा संकलन कार्य गर्नको लागि प्रारम्भिक वातावरण परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाईमा सहभागि हुने बारे सूचना ।

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/११/०२)

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नमोबुद्ध नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, भकुण्डेबेशी, काभ्रेपलाञ्चोक, बागमती प्रदेश, नेपाल<br>ई.मेलः info@namobuddhamun.gov.np<br>बेबसाईटः https://namobuddhamun.gov.np/ne<br>फोन : +९७७ ०११-४०४०३१, ०११-४०४०६८ |
| परामर्शदाताको नाम र ठेगाना | इभरिन कन्सल्ट प्रा .लि, दाङ<br>evrenconsult@gmail.com, ९८४९८३८७४९ |
| प्रस्तावको व्यहोरा | क) कार्यान्वयन हुने स्थानः नमोबुद्ध नगरपालिका वडा नम्बर ०६, काभ्रेपलाञ्चोक<br>ख) प्रस्तावको बारे सामान्य जानकारी काभ्रेपलाञ्चोक जिल्ला, नमोबुद्ध नगरपालिकामा पर्ने रोशी खोला बगर (चौकीडाँडा पहिरो (राजमार्ग छिनेको ठाउँ) देखि पोटा खोला दोभान खण्डसम्म) बाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) दिगो र वातावरणमैत्री रुपले उत्खनन् तथा संकलन कार्य गर्नको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) रिपोर्ट तयारी<br>ग) लगानी किसिमः सरकारी |
| प्रभाव पर्न सक्ने जिल्ला/गा.पा. | नमोबुद्ध नगरपालिका वडा नम्बर ०६, काभ्रेपलाञ्चोकका क्षेत्रहरु |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जौविक पक्ष, रसायनिक पक्ष, सामाजिक पक्ष, सांस्कृतिक पक्ष र आर्थिक पक्षहरूमा पर्ने प्रभाव यकिन गर्न सो स्थानको स्थानीय जनता, बुद्धिजिबी र सम्पूर्ण सराकोरवाला ब्यक्तिसँग छलफल गर्नु पर्ने आवश्यकता भएकाले यो सार्वजनिक सूचनामा उल्लेखित मिति, समय र स्थानमा सहभागी भईदिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

### सार्वजनिक सुनुवाई हुने स्थान र मितिः

| मिति | समय | स्थान |
|---|---|---|
| २०८१/११/०५ गते सोमबार | बिहानको ११:00 बजे | नमोबुद्ध नगरपालिका, वडा नम्बर ०६ को कार्यालय |



## नगरपालिकाको अनुरोध

- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका व्यक्तिगत घटना दर्ता आफ्नो वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गराऔं ।
- नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- आफ्नो घर अगाडी सफा राखौं ।
- प्रत्येक घरले घर नजिकै कम्तिमा एउटा विरुवा हुर्काऔं ।
- पशु तथा चौपाय छाडा नछाडौं ।
- कुवा, इनार, पँधेरा, खोला सधैं सफा राखौं, खानेपानीको स्रोत नजिक फोहोर नफालौं ।
- यातायात एवं आवागमनमा अवरोध हुने गरी सडकपेटीमा निर्माण सामग्री सर्वसाधारणलाई हिँड्डुल गर्दा असजिलो हुनाको साथै दुर्घटना हुन सक्ने हुँदा नाली र पेटी अतिक्रमण हुनेगरी सामान नराखौं ।
- पालिकावासीले तिरेको करबाटै विकास निर्माण कार्य हुने भएको हुनाले आफूले तिर्नुपर्ने कर समयमा नै तिरौं ।
- गाउँपालिकामा दर्ता नभएका व्यापार, व्यवसाय, उद्योग तथा फर्महरु तुरुन्त दर्ता गरौं ।
- पोलेथिनका झोलाको प्रयोगलाई पूर्ण रुपमा निरुत्साहित गरौं ।
- खुला स्थानमा दिसापिसाब नगरौं, चर्पीमा मात्र गरौं ।

**धुलिखेल नगरपालिका**
धुलिखेल, काभ्रेपलाञ्चोक

# ८४ सम्ममा माओवादी सरकारमा जाँदैन, ८४ मा बहुमतसहितको सरकार निर्माण गर्छः प्रचण्ड

धुलिखेल । जिल्लाको धुलिखेल नगरपालिकाको सभाहलमा आयोजित राजनीतिक वैचारिक प्रशिक्षण तथा नवनिर्वाचित पालिका कमिटीलाई बधाई तथा शुभकामना दिन आयोजित सभालाई सम्बोधन गर्दै नेकपा (




माओवादी) अध्यक्ष प्रचण्डले ८४ सम्ममा माओवादी सरकारमा नजाने र ८४ मा बहुमतसहितको सरकार निर्माण गर्ने बताउनु भएको छ।

उहाँले कार्यकर्ता तथा नेताहरूलाई प्रशिक्षणकै क्रममा पछिल्लो पटक तेस्रो पटक प्रधानमन्त्री हुन नदिने खेल भएको उल्लेख गर्दै, देशभित्र र बाहिर आफूले माओवादी फरक हो भन्ने स्थापित गर्न नसकेको भए पार्टी जोगाउनै नसक्ने खतरा रहेको बताउनुभयो । दुवै कुरा सुरक्षित गर्दै माओवादी फरक रहेको स्थापित भएको दाबी गर्नुभयो।

उहाँले भ्रष्टाचारको विरुद्ध, सामाजिक न्याय र सुशासनका पक्षमा कार्य गर्नुपर्ने बताउँदै त्यसैअनुरूप काम गर्दा आफूले जनताको झन्डै शतप्रतिशत समर्थन पाएको स्मरण गर्नुभयो। कांग्रेसले सञ्चालन गरेको भ्रष्टाचारविरोधी अभियानको प्रभावबारे चर्चा गर्दै, आफ्नो प्रधानमन्त्री कार्यकालमा राम्रो गर्न खोजेको आम नागरिकले महसुस गरेको दाबी गर्नुभयो। साथै, समाजवादको यात्रामा फेरि एक पटक साथ दिन आग्रह गर्नुभयो।

उहाँले शान्ति सम्झौतादेखि तेस्रो पटक प्रधानमन्त्रीसम्मको यात्रामा छोराको निधन, श्रीमती गुमाउनु, दुई छोरीको विवाह, एक जना छोरी मेयर भएको प्रसंग उल्लेख गर्दै, अहिले घर नजाँदा फरक नपर्ने बताउँदै अभियानमा होमिन अपिल गर्नुभयो।

प्रतिक्रियावादीहरूले षड्यन्त्र गरेर आफ्नो शक्ति देखाएको उल्लेख गर्दै कार्यकर्तालाई आश्वस्त पार्नुभयो। उहाँले प्रतिक्रियावादीहरूका लागि आफैंले दलालहरूको जालो छेडेको बताउँदै, "जिपिएम जी नै हान्या हो" भन्दै खुशी साट्नुभयो।

पछिल्लो समयमा मनिङ वाकको भिडियो भाइरल भएको उल्लेख गर्दै, हिजो नागरिकमा आफू अझै नेतृत्वका लागि तयार रहेको बताएका थिए। तर, अहिले प्रचण्ड पुगेको ठाउँमा जनता आफैं आउने गरेको बताउनुभयो। "नजानु भन्ने आदेश हुँदा समेत जनताले आउन छाडेका छैनन्," उहाँको भनाइ थियो।

एमाले र कांग्रेसका जनप्रतिनिधिहरूले समेत स्वागतका लागि फूलमाला लिएर आउन चाहेको उल्लेख गर्दै, "अहिले प्रचण्डलाई छुन पाए हुन्थ्यो" भन्ने नागरिकको उत्साह देखेर आफूले जनताबाट ऊर्जा पाएको बताउनुभयो। "पार्टीबाट चाहिँ ऊर्जा पाएको छैन," भन्दै स्टेजतर्फ फर्कनुभयो। अहिले आफू जति सकिन्छ पार्टीलाई दिने र जनताको काम गर्ने मनस्थितिमा रहेको बताउनुभयो।

जिल्लास्तरीय भेलाले काभ्रे फेरि जागेको भन्दै सबैलाई एकताबद्ध भएर अघि बढ्न निर्देशन दिनुभयो। निर्वाचित पदाधिकारीलाई बधाई दिँदै स्थानीय जनप्रतिनिधिहरूलाई जनताको पक्षमा काम गर्न अपिल गर्नुभयो। साथै, पार्टीका नेता तथा जनप्रतिनिधिहरूलाई एकसाथ शुभकामना व्यक्त गर्नुभयो।

उहाँले पार्टीभित्र खासै सहयोग नभएको गुनासो गर्दै स्टेजतर्फ हेर्दा पार्टी उपाध्यक्ष तथा पूर्व सभामुख अग्नि प्रसाद सापकोटा, केन्द्रीय सदस्य एवं सांसद सूर्यमान डोंङ्ग, सांसद मिना लामा, इन्द्रबहादुर तामाङ, तेजबहादुर मिजार तथा पालिकाका जनप्रतिनिधिहरूको उपस्थित रहेको बताउनुभयो।

स्वागत मन्तव्य पार्टीका केन्द्रीय सदस्य तेजबहादुर मिजारले व्यक्त गर्नुभयो भने क्रमशः काभ्रे प्रतिनिधिसभा क्षेत्र नं. १ का सांसद सूर्यमान दोंग, लालध्वज लगायतले मन्तव्य व्यक्त गर्नुभयो। कार्यक्रम नेकपा (माओवादी केन्द्र) समन्वय समिति, काभ्रेका अध्यक्ष भोला प्रसाद अर्यालको अध्यक्षतामा सम्पन्न भएको थियो।


## नमोबुद्ध नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, भकुण्डेबेशी, काभ्रेपलाञ्चोक, नेपाल

काभ्रेपलाञ्चोक जिल्ला, नमोबुद्ध नगरपालिका भएर बग्ने रोशी खोला अन्तर्गत पोटा खोला दोभान देखि शनि खोला दोभान खण्डबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) दिगो र वातावरणमैत्री रुपले उत्खनन् तथा संकलन कार्य गर्नको लागि प्रारम्भिक वातावरण परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाईमा सहभागि हुने बारे सूचना।
(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/११/०२)

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नमोबुद्ध नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, भकुण्डेबेशी, काभ्रेपलाञ्चोक, बागमती प्रदेश, नेपाल<br>ई.मेलः info@namobuddhamun.gov.np<br>बेबसाईटः https://namobuddhamun.gov.np/ne<br>फोन : +९७७ ०११-४०४०३१, ०११-४०४०६८ |
| परामर्शदाताको नाम र ठेगाना | क्लक कन्सल्ट प्रा .लि, दाङ<br>clockconsult@gmail.com, ९८५११८२२८४ |
| प्रस्तावको व्यहोरा | क) कार्यान्वयन हुने स्थानः नमोबुद्ध नगरपालिका वडा नम्बर ०६, काभ्रेपलाञ्चोक<br>ख) प्रस्तावको बारे सामान्य जानकारी काभ्रेपलाञ्चोक जिल्ला, नमोबुद्ध नगरपालिकामा पर्ने रोशी खोला बगर पोटा खोला दोभान देखि शनि खोला दोभान खण्डबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) दिगो र वातावरणमैत्री रुपले उत्खनन् तथा संकलन कार्य गर्नको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) रिपोर्ट तयारी<br>ग) लगानी किसिमः सरकारी |
| प्रभाव पर्न सक्ने जिल्ला/गा.पा. | नमोबुद्ध नगरपालिका वडा नम्बर ०६, काभ्रेपलाञ्चोकका क्षेत्रहरु |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जौविक पक्ष, रसायनिक पक्ष, सामाजिक पक्ष, सांस्कृतिक पक्ष र आर्थिक पक्षहरूमा पर्ने प्रभाव यकिन गर्न सो स्थानको स्थानीय जनता, बुद्धिजिबी र सम्पूर्ण सराकोरवाला ब्यक्तिसँग छलफल गर्नु पर्ने आवश्यकता भएकाले यो सार्वजनिक सूचनामा उल्लेखित मिति, समय र स्थानमा सहभागी भईदिनुहुन हार्दिक अनुरोध गरिन्छ।

सार्वजनिक सुनुवाई हुने स्थान र मितिः

| मिति | समय | स्थान |
|---|---|---|
| २०८१/११/०५ गते सोमबार | दिनको १:०० बजे | नमोबुद्ध नगरपालिका, वडा नम्बर ०६ को कार्यालय |



Self-ink Stamp
Flex Design
Certificate Design
ID Cards
Badge
Visiting Card
Photocopy
Nepali Typing
Official Bill & etc.
We Provide All Desktop Services.
The Creation
"Design in the way of thinking..."
For Contact:
Ph. 9808041119
Banepa, Kavrepalanchok
Gmail: creationdesktop@gmail.com


## पत्रकार...



महासंघको ध्यानाकर्षण भएको छ। महासंघसहित सरोकारवालासँग सामान्य छलफलसमेत नगरी नागरिकका मौलिक हक हनन् हुने गरी ल्याइएको विधेयकलाई अगाडि बढाउनु उपयुक्त नहुने ठहर यो बैठकले गरेको छ।

यसर्थ, उक्त विधेयक तत्काल फिर्ता लिई सामाजिक सञ्जाल प्लाटफर्महरूलाई मात्रै नियमन गर्नेगरी सरोकारवालासँग आवश्यक परामर्श गरेर पुनर्लेखन गर्न सरकार, संसद् र राजनीतिक दलहरूसमक्ष माग गर्दछ। अन्यथा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र न्यूमिडियाको प्रभावकारितामा अंकुश लगाउने गरी बन्ने विधेयकका विरुद्ध महासंघ संघर्षमा उत्रिन बाध्य हुनेछ।

४. आमसञ्चार क्षेत्र र श्रमजीवी पत्रकारका समस्या समाधान, सेवा सुविधाको व्यवस्था र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता अभिवृद्धि गर्नेगरी आवश्यक नीति, कानुन र बजेट विनियोजनका लागि संघ, प्रदेश र स्थानीय तहसँग पहलकदमी, संवाद, सहकार्य र खबरदारी गरिने छ। सञ्चार कानुनहरू निर्माण गर्दा पत्रकार महासंघसहित सरोकारवालासँगको सहकार्य र राय सुझाव लिने वातावरण सुनिश्चित गर्न महासंघ आग्रह गर्दछ।

५. कतिपय सञ्चारमाध्यमले श्रमजीवी पत्रकार ऐनबमोजिम नियुक्ति पत्र, सेवा सुविधा र नियमित पारिश्रमिक समेत नदिएको गुनासो छ। महासंघको यो बैठक सञ्चारमाध्यमलाई नियमित पारिश्रमिक उपलब्ध गराउन र सरकारलाई श्रमजीवी पत्रकार ऐनमा समयसापेक्ष संशोधनसहित अनुगमन र कडाइका साथ कार्यान्वयन गर्न ध्यानाकर्षण गराउँदछ।

६. श्रमजीवी पत्रकारका समस्या समाधानका लागि दबाब, छलफल, कानुनी प्रक्रिया र प्रदर्शन लगायत संघर्षका कार्यक्रमलाई निरन्तरता दिने निर्णय गर्दै सामूहिक सौदाबाजीमार्फत श्रमजीवी पत्रकारहरूको श्रम अधिकारका लागि कानुनी सहायतालाई प्रभावकारी बनाउने निर्णय गरेको छ।

७. प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको नियमित अनुगमन गर्दै आएको महासंघ पत्रकारको भौतिक तथा पेशागत सुरक्षा र व्यवसायिक विकासका लागि प्रतिबद्ध छ। बभ्ङाङ शाखा अध्यक्ष ललितबहादुर सिंहलाई सांघातिक आक्रमण भएको घटनामा सत्यतथ्य छानविन र दोषीलाई कारबाहीको दायरामा ल्याउन महासंघ माग गर्दछ।

धरानका पत्रकार गोपाल दाहालमाथि भएको दुर्व्यवहार र धम्कीको घटनामा महासंघको स्थलगत अध्ययन प्रतिवेदन कार्यान्वयनसहित कार्यस्थलमा पत्रकारको भौतिक सुरक्षाको ग्यारेण्टी गर्न यो बैठक गृह प्रशासनसमक्ष माग गर्दछ।

८. कोरोना महामारीदेखि ओरालो लागेको अर्थतन्त्र र सूचना प्रविधिको द्रुत विकासका कारण खुम्चिँदो विज्ञापन बजारले आमसंचार माध्यमहरूमा आर्थिक संकट चुलिँदो छ। छापा, टेलिभिजन, रेडियो र अनलाइन मिडियालाई आर्थिकरूपमा सशक्त बनाउन आवश्यक नीति तथा कार्यक्रमहरू ल्याउन सरोकारवालासँग संवाद गर्ने तथा त्यस्ता समस्या नीति, कानुन र बजेटमार्फत् सम्बोधनका लागि सरकारसँग पहल गर्ने निर्णय गरेको छ।

९. सबै सञ्चारमाध्यम र श्रमजीवी पत्रकारहरूलाई सामाजिक सुरक्षा कोषको दायरामा ल्याउन, ज्येष्ठ नागरिक पत्रकारवृत्ति कोषमा रकम वृद्धि गर्न, श्रमजीवी पत्रकारको निःशुल्क दुर्घटना बिमालाई स्वास्थ्य बिमामा रुपान्तरण गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्न तथा सरकारी अस्पतालमा पत्रकारको निःशुल्क उपचारको व्यवस्था गर्ने सरकारी घोषणाको प्रभावकारी कार्यान्वयनका लागि महासंघ सरकारसँग आग्रह गर्दछ।

१०. देशभर एकपछि अर्को गरी सञ्चारमाध्यमहरू बन्द भइरहेकोमा सञ्चारमाध्यममा निम्तिएको संकट र बन्द हुनुका कारणहरूमा केन्द्रीत भएर मिडियाको स्थिति अध्ययन गर्ने निर्णय गरेको छ। मिडिया दिगोपन र सुशासनका लागि सरोकारवाला पक्षसँग सहकार्य गर्ने तथा नयाँ मिडिया दर्तामा लगानी र पूर्वाधारको सुनिश्चतता गर्ने प्रावधान राख्न माग गर्दछ।

११. समानुपातिक विज्ञापन नीति लागू गर्दै स्थानीय विज्ञापन स्थानीय सञ्चारमाध्यमलाई नै उपलब्ध गराउन प्रोत्साहनको नीति अपनाउन र लोककल्याणकारी विज्ञापन शतप्रतिशत वृद्धि गरी अनलाइन सञ्चारमाध्यमलाई समेत उपलब्ध गराउने व्यवस्था गर्न महासंघ माग गर्दछ।

१२. आमसञ्चारको क्षेत्रमा महिला, दलित, आदिवासी जनजाति, अपागंता भएका व्यक्ति, मधेशी, सीमान्तकृत समुदाय र पछाडि पारिएको क्षेत्रको प्रतिनिधित्व सुनिश्चित गर्दै समावेशी र सुशासनयुक्त सञ्चारगृह निर्माण गर्न महासंघ आग्रह गर्दछ। साथै, महासंघको सदस्यता वितरणदेखि अन्य सेवा सुविधा समेतमा लक्षित समुदायको समावेशी प्रतिनिधित्वि सुनिश्चित गर्ने निर्णय गरेको छ।

१३. पत्रकारको व्यवसायिक क्षमता विकासका लागि तालिम ( डिजिटल, डेटा र एआईसमेत), कार्यशाला र गोष्ठीहरू सञ्चालन गर्ने, पत्रकार आचारसंहिता पालना गराउन र स्वनियमनका लागि सचेतना अभियान सञ्चालन गर्ने तथा न्यू मिडिया र आर्टिफिसियल इन्टेलिजेन्स (एआई) ले सिर्जना गरेका चुनौतीलाई अवसरका रूपमा लिँदै, न्यू मिडियाको अभ्यास गर्दै आएका पत्रकारलाई प्रशिक्षण गर्ने र पत्रकार आचारसंहिता र मूल्यमान्यता आत्मसात गर्न अग्रसर बनाउने घोषणा गर्दछ।

१४. सञ्चार उद्योगलाई सेवामूलक उद्योगका रूपमा स्थापित गर्दै नवीकरण शुल्क तथा रोयल्टी ( संगीत रोयल्टी समेत) शुल्क खारेज गर्न माग गर्दछ।

१५. पत्रकारिता नगर्नेको होइन, पत्रकारिता गर्नेको मात्र संगठन बन्नु महासंघको अहिलेको आवश्यकता र चुनौती हो। यो बैठक विधानबमोजिम महासंघमा व्यावसायिक पत्रकारहरूको आवद्धता बढाउन नयाँ सदस्यता आह्वान, नवीकरण तथा सदस्यता पारदर्शिता अभियान सञ्चालन गर्ने र महाधिवेशनको ६ महिना अगावै सदस्यता टुंग्याउने घोषणा गर्दछ। सबै जिल्ला शाखा, प्रतिष्ठान, एसोसिएट र वैदेशिक शाखाहरूले तीन महिनाभित्र आफ्ना सदस्यहरूको नाम, ठेगाना, कार्यरत मिडिया र फोटोसहितको विवरण सार्वजनिक गर्न निर्देश गर्दछ।

१६. महासंघको सदस्यता परिचयपत्र वितरणलाई चुस्त बनाउँदै उक्त परिचयपत्रका आधारमा सिंहदरबार प्रवेशको व्यवस्था गर्न माग गर्दछ।

१७. प्रेस काउन्सिल नेपालले मिडियालाई कालोसूचीमा राख्ने लगायतका गतिविधि गरिरहेकोमा बैठकको ध्यानाकर्षण भएको छ। तसर्थ, महासंघ काउन्सिललाई आफ्नो क्षेत्राधिकारको ख्याल गर्न आग्रह गर्दछ।

१८. २७औं महाधिवेशनबाट निर्वाचित यो कार्यसमितिको तीन वर्षे कार्यकालका लागि अध्यक्ष निर्मला शर्माद्वारा प्रस्तुत नीतिगत प्रस्ताव, महासचिव रामप्रसाद दाहालद्वारा प्रस्तुत सांगठनिक प्रस्ताव तथा कोषाध्यक्ष रामकृष्ण अधिकारीद्वारा प्रस्तुत आर्थिक प्रस्तावहरू बैठकमा प्राप्त सुझावहरूका आधारमा सम्बोधन गर्ने गरी पारित गरेको छ।

१९. महासंघको केन्द्रीय कार्यालयलाई प्रविधिमैत्री र आधुनिक बनाउँदै व्यवस्थित, पारदर्शी र सुशासनयुक्त सुदृढ संस्थाकोरूपमा सञ्चालन गर्ने, त्रैमासिकरूपमा महासंघको आम्दानी तथा खर्चको विवरण सार्वजनिक गर्ने तथा सूचनाको हकसम्बन्धी ऐनबमोजिम केन्द्रीय कार्यालयमा तत्काल सूचना अधिकारी तोक्ने र सूचना अधिकारी तोक्न सबै शाखा र प्रदेश समितिलाई निर्देश गर्दछ।

२०. महासंघ संविधानप्रदत्त नागरिकका मौलिक हकहरू सुरक्षित र मजबुद बनाउदै पूर्ण कार्यान्वियनको माग गर्दछ।

२१. २०८१ असोज ११ र १२ गतेको बाढीपहिरोका कारण क्षतिग्रस्त बीपी राजमार्गसहितका पूर्वाधार र संकटग्रस्त घोषित काभ्रेपलाञ्चोक जिल्लामा पुर्ननिर्माण तथा बाढीपहिरो पीडितको यथासक्य पुनर्स्थापनाका लागि यो बैठक सरकारको ध्यानाकर्षण गराउने निर्णय गर्दछ।

२२. काभ्रेपलाञ्चोक जिल्लाका धुलिखेल, बनेपा, पनौती, नमोबुद्ध, बेथानचोक, पलाञ्चोक, दोलालघाट, नगरकोट लगायतका पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्न आमसञ्चार माध्यममार्फत जोड दिने तथा यी क्षेत्रमा पूर्वाधार विकासका लागि सरकारको ध्यानाकर्षण गराउने निर्णय गरेको छ।

२३. केन्द्रीय समितिको प्रथम कार्यमूलक बैठक सम्पन्न गर्न आतिथ्यता प्रदान गरी सहयोग पुऱ्याउने नेपाल पत्रकार महासंघ काभ्रेपलाञ्चोक शाखाप्रति हार्दिक आभार र धन्यवाद ज्ञापन गर्दछ। साथै, शाखा समितिको कार्यालय भवन निर्माण सुरु भएपनि श्रोत अभावले पूरा हुन नसकेकोमा आवश्यक बजेट विनियोजन गर्न सरकारसँग माग गर्दछ।